त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मितिः २०७८।०१।०२

# बि.ई./बि.आर्क. तहमा रिक्त स्थानमा भर्नाका लागि पुनः आवेदन सम्बन्धि सूचना ।

शैक्षिक वर्ष २०७७/०७८ मा यस क्याम्पसको B.E./B.Arch. तहका केही कार्यक्रमहरुमा निम्न बमोजिम स्थान रिक्त रहन गएकोले ती स्थानहरुमा भर्ना हुन चाहने आवेदकहरुले प्राथमिकता सहितको पुनः आवेदन फाराम भर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पुनः आवेदन २०७८ बैशाख ०५ गते बिहान ११:०० बजे देखि २:०० बजे सम्म Online Application Form भर्ने व्यवस्था गरिएकाले Online Form भर्न सकिनेछ । यो फाराम यस क्याम्पसको Website: www.pcampus.edu.np मा उपलब्ध हुनेछ। फाराम भरेपछि फाराम भरेको प्रमाण स्वरुप Confirmation Page प्रिन्ट गरी साथै राख्नु पर्नेछ ।
- फाराम भर्दा प्रति विषय रु.३००।- का दरले शुल्क लाग्नेछ । कुनै पनि विषयको नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सो लाई दुई विषय मानिनेछ । आवेदकले आफूले राख्ने प्राथमिकता अनुसारको शुल्क पहिले नै बैंकमा दाखिला गर्नु पर्नेछ। उल्लेखित शुल्क सिद्धार्थ बैंक लिमिटेड पाटनढोका शाखामा रहेको यस क्याम्पसको खाता नं. ००९१५०१९२०३ मा जम्मा गरी प्राप्त भएको भाउचर लिनु पर्नेछ ।
- आर्किटेक्चर कार्यक्रममा आवेदन दिन चाहने आवेदकहरुका लागि उपरोक्त शुल्कमा झुकाव परीक्षा (Aptitude Test) वापत थप रु. ३००।- लाग्नेछ ।
- **इन्जिनियरिङ्ग अध्ययन संस्थानद्वारा लिइएको प्रवेश परीक्षा २०७७ मा सम्मिलित भई उत्तीर्ण भएकाहरु मध्येबाट निम्न बमोजिम आवेदकहरुले पुनः आवेदन दिन सक्नेछन् :**
  - क) यस क्याम्पसमा फाराम भर्न छुट भएकाहरु ।
  - ख) यस क्याम्पसमा भर्ना हुन यस अघि Online फाराम भरि नाम प्रकाशित नभएकाहरु ।
  - ग) कुनै पनि सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरु ।
  - घ) कुनै पनि कार्यक्रममा भर्ना भइसकेका र प्राथमिकता परिवर्तन गर्न चाहनेहरु ।
- **हाल रिक्त सिट संख्या**

| सि.नं. | कार्यक्रम | खुल्ला | महिला | रिक्त सिट संख्या |
|---|---|---|---|---|
| १. | Architecture Full Fee (4) | १ | | १ |
| २. | Electrical Engineering Full Fee (6) | १ | १ | २ |
| ३. | Electronics, ... Engineering Full Fee (8) | १ | | १ |
| ४. | Aerospace Engineering Regular (27) | १ | | १ |
| ५. | Aerospace Engineering Full Fee (28) | २ | | २ |
| | जम्मा | ६ | १ | ७ |

हाल सम्म उपरोक्त बमोजिम रिक्त स्थान भएतापनि सूची प्रकाशन पूर्व भर्ना रद्द भई थप स्थान रिक्त रहन गएमा सो रिक्त स्थान समेत संलग्न गरि सूची प्रकाशन गरिनेछ ।

- भर्ना भइसकेका आवेदकहरुले समेत अर्को कार्यक्रमका लागि आवेदन दिन सक्ने भएकोले कुनै कार्यक्रममा भर्ना भइसकेका आवेदकको नाम नयाँ रिक्त स्थानमा प्रकाशित भएमा निज भर्ना भएको कार्यक्रममा स्थान रिक्त हुन सक्नेछ ।
  - **भर्ना भइसकेका आवेदकहरु अर्को कार्यक्रममा सर्न सक्ने र भर्ना भइसकेका आवेदकहरुले भर्ना रद्द गर्न सक्ने भएकोले आफूलाई इच्छा लागेका सबै कार्यक्रमहरुमा प्राथमिकता राख्न सूचित गरिन्छ ।**

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार सातौं सूची प्रकाशन गरी भर्ना गरिनेछ र त्यसपछि समेत स्थान रिक्त रहन गएमा आठौं, नवौं सूची प्रकाशन गरिनेछ ।

भर्ना कार्यक्रम निम्न अनुसार कायम गरिएको छ ।

| भर्ना कार्यक्रम | मिति र समय |
|---|---|
| १) भर्नाका लागि पुनः आवेदन फाराम (Online Application Form) भर्ने | २०७८ बैशाख ०५ गते विहान ११:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म । |
| २). प्राथमिकतामा थपघट वा संशोधन | २०७७ बैशाख ०६ गते विहान ११:०० बजे देखि १२:०० बजेसम्म |
| ३) आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) | २०७८ बैशाख ०६ गते अपरान्ह १:०० बजे । |
| ४) आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) को नतिजा प्रकाशन | २०७८ बैशाख ०६ गते अपरान्ह ६:०० बजे । |
| ५) सातौं सूची प्रकाशन | २०७८ बैशाख ०७ गते विहान १०:०० बजे । |
| ६) सातौं सूची उपर दावि विरोध | २०७८ बैशाख ०७ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म । |
| ७) संशोधित सातौं सूची प्रकाशन | २०७८ बैशाख ०७ गते अपरान्ह ५:०० बजे । |
| ८) सातौं सूचीको भर्ना | २०७८ बैशाख ०८ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म । |
| ९) आठौं सूची प्रकाशन | २०७८ बैशाख ०९ गते विहान १०:०० बजे । |
| १०) आठौं सूची उपर दावि विरोध | २०७८ बैशाख ०९ गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| ११) संशोधित आठौं सूची प्रकाशन | २०७८ बैशाख ०९ गते अपरान्ह ५:०० बजे । |
| १२) आठौं सूचीको भर्ना | २०७८ बैशाख १० गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १३) नवौं सूची प्रकाशन | २०७८ बैशाख १२ गते विहान १०:०० बजे । |
| १४) नवौं सूची उपर दावि विरोध | २०७८ बैशाख १२ गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १५) संशोधित नवौं सूची प्रकाशन | २०७८ बैशाख १२ गते अपरान्ह ५:०० बजे । |
| १६) नवौं सूचीको भर्ना | २०७८ बैशाख १३ गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १७) यस पछिका रिक्त सिटहरुको लागि सूचना प्रकाशन | २०७८ बैशाख १४ गते । |

**द्रष्टब्य :**

- आर्किटेक्चर कार्यक्रमका लागि यस अघि लिइएको झुकाव परीक्षामा (Aptitude Test) मा उत्तीर्ण भएका आवेदकहरु झुकाव परीक्षा (Aptitude Test) मा पुनः सम्मिलित हुनु पर्ने छैन ।
- उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत रहने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

अध्यक्ष

भर्ना समिति २०७७